तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सभाहलमा आज मिति २०८१।०७।०५ गते गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

सि न	नाम थर	पद	हस्ताक्षर	कैफियत
१	श्री प्रोणप्रताप के.सी	अध्यक्ष		
२	श्री सृजना खड्का सुवेदी	उपाध्यक्ष		
३	श्री बसन्त बहादुर थापा क्षेत्री	वडाअध्यक्ष		
४	श्री ईश्वरराज कार्की	वडाअध्यक्ष		
५	श्री रामप्रसाद काफ्ले	वडाअध्यक्ष		
६	श्री नारायण खड्का	वडाअध्यक्ष		
७	श्री शम्भु प्रसाद फुयाल	वडाअध्यक्ष		
८	श्री कृष्ण प्रसाद फुयाल	वडाअध्यक्ष		
९	श्री खुस बहादुर सुनुवार	वडाअध्यक्ष		
१०	श्री रिता पोखरेल	कार्यपालिका सदस्य	रिता	
११	श्री सुनिता विश्वकर्मा	कार्यपालिका सदस्य		
१२	श्री इन्दिरा कार्की	कार्यपालिका सदस्य		
१३	श्री सागता बि.क.	कार्यपालिका सदस्य		
१४	श्री नरध्वज सुनुवार	कार्यपालिका सदस्य		
१५	श्री सुमन मिजार	कार्यपालिका सदस्य		
१६	श्री बद्री प्रसाद शर्मा वाग्ले	सदस्य सचिव		

CamScanner

तामाकोशी गाउँ कार्यपालिका

बैठक नं.

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष

मिति २०८१ कार्तिक ०५ गतेको तामाकोशी नाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

बैठकका प्रस्तावहरु:

१. सडक क्षेत्र अधिकार सम्बन्धमा ।
२. सेवा प्रवाह सुधार तथा सेवाग्राही मैत्री वातावरण सुनिश्चित गर्ने सम्बन्धमा ।
३. व्यवस्थापन परीक्षण (Management Audit) प्रतिवेदन सम्बन्धमा
४.अन्तर स्थानीय तह सहकार्य तथा साझेदारी क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन सम्बन्धमा ।
५. विपद जोखिम न्यूनीकरण कार्ययोजना सम्बन्धमा ।
६. तामाकोशी गाउँपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड २०८१ स्विकृत सम्बन्धमा ।
७. बाझो जमिन उपयोग सम्बन्धी कार्यविधि- २०८१ स्विकृत सम्बन्धमा ।

बैठकका निर्णयहरु:

१.क. यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने मालु सहरे-च्यामा-हाँवा-जिरी सडकलाई दीर्घकालीन रूपमा स्तरोन्नति तथा विस्तारको लागि सो सडकको दायाँ-बायाँ क्षेत्र नेपाल सरकारको प्रचलित मापदण्ड तथा नियमावली अनुसार उक्त सडकको १५ (पन्ध्र) मिटर क्षेत्रअधिकार (Right of Way) साथै नेपाल सरकारको नियमानुसारको Set Back कायम गर्ने र सो भित्र पर्ने संरचना, निर्माण तथा अन्य गतिविधिहरूलाई नियमन गर्ने ।

ख. गाउँपालिका भित्र विशेष महत्वको सडक मालुखोला-डाँडागाउँ-फ्यातल सडक, किर्ने-भोर्ले- तिनकुने-सहरे सडक, चनौटे-झुले-खावा सम्मको सडक, कालिदह- गौरिमुदी-छौडे-देउराली-हाँवा सडक लगायत गाउँपालिका भित्रका अन्य सडकहरुको १० (दश) मिटर क्षेत्रअधिकार (Right of Way) कायम गर्ने साथै नेपाल सरकारको नियमानुसारको Set Back कायम गर्ने ।

ग. गाउँपालिका भित्रका वस्ती सडक/कृषि सडकहरुको ६ (छ) मिटर क्षेत्रअधिकार (Right of Way) कायम गर्ने र नेपाल सरकारको नियमानुसारको Set Back कायम गर्ने ।

२.क. गाउँपालिकाबाट प्रदान गरिने सबै सेवाहरूलाई सरल, छिटो, पारदर्शी तथा सेवाग्राहीमैत्री वनाउने उद्देश्यले प्रत्येक शाखाले आफ्नो सेवा प्रवाह प्रक्रियालाई समयानुकूल परिमार्जन गर्ने।
ख. सेवाग्राहीको सहजताका लागि कार्यालय परिसरमा नागरिक सहायता कक्ष (Help Desk) सञ्चालनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।
ग. सेवा प्रवाहसँग सम्बन्धित आवश्यक सूचना, सेवा शुल्क, आवश्यक कागजात तथा प्रक्रिया सम्बन्धी विवरणहरू गाउँपालिकाको सूचना पाटी तथा आधिकारिक वेबसाइटमार्फत नियमित रूपमा अद्यावधिक गरी सार्वजनिक गर्ने।
घ. सेवाग्राहीको गुनासो तथा सुझाव संकलनका लागि गुनासो दर्ता पुस्तिका तथा सुझाव बाकस राखी प्राप्त गुनासोहरूको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउने।
ङ सेवा प्रवाहको गुणस्तर सुधार गर्न सम्बन्धित कर्मचारीहरूलाई आवश्यक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने।
च. प्रत्येक शाखाले त्रैमासिक रूपमा सेवा प्रवाह सम्बन्धी प्रगति प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने।
छ. सेवा प्रवाहमा कुनै ढिलासुस्ती, लापरवाही वा अनियमितता देखिएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरिने।
अ. यस निर्णयको कार्यान्वयनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिइने।

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष

३. यस गाउँपालिकाको विभिन्न शाखा तथा इकाइहरूबाट सम्पादित कार्यहरू, सेवा प्रवाह, स्वीकृत दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन, आर्थिक तथा प्रशासनिक कार्यसम्पादन लगायत विषयमा गरिएको व्यवस्थापन परीक्षण (Management Audit) को प्रतिवेदन यस कार्यपालिका समक्ष पेश भई विस्तृत छलफल गरियो।
छलफलका क्रममा प्रतिवेदनमा उल्लेखित उपलब्धि, देखिएका कमजोरीहरू तथा सुधार गर्नुपर्ने पक्षहरू माथि गम्भीरतापूर्वक समीक्षा गरियो।
उक्त सम्बन्धमा कार्यपालिकाबाट देहाय बमोजिम निर्णय गरियो:

- व्यवस्थापन परीक्षण प्रतिवेदनलाई यस कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो।
- प्रतिवेदनमा औंल्याइएका कमजोरीहरू सुधार गर्न सम्बन्धित शाखा तथा जिम्मेवार पदाधिकारीलाई निर्देशन दिने निर्णय गरियो।
- सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक सुधारात्मक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।
- स्वीकृत दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन, कार्यविभाजन तथा जिम्मेवारी स्पष्ट गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो।
- प्रतिवेदन कार्यान्वयनको प्रगति प्रत्येक त्रैमासिक रूपमा समीक्षा गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

४. बैठकमा उपस्थित सदस्यहरूको छलफलपछि, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ अनुसार तामाकोशी गाउँपालिकाले अन्तर स्थानीय तह सहकार्य तथा साझेदारीको सम्भावित क्षेत्र पहिचान गरेको छ र सम्बन्धित स्थानीय तहहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ। सहकार्य क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत व्यवस्थापन र सरसफाइलाई प्राथमिकता दिइनेछ। यस अन्तर स्थानीय तह कार्यक्रमको कार्यान्वयन आगामी आ.व भित्र गरिनेछ र कार्यक्रमको प्रगति, स्रोत साझेदारी तथा प्रभावकारिताको अनुगमन निरन्तर गरिनेछ। निर्णयअनुसार, पहिचान गरिएका क्षेत्रहरूमा अनुभव र स्रोतको साझा उपयोग गर्दै, स्थानीय तहबीच सहकार्य र साझेदारीलाई प्रवर्द्धन गर्ने गरी कार्यक्रम सञ्चालन हुनेछ। यसै सन्दर्भमा यो निर्णय **बैठकमा उपस्थित सबै सदस्यहरूको सहमतिमा निर्णय गरियो।**

५.यस गाउँपालिकाको भौगोलिक अवस्था, विगतका विपद्का घटनाहरू तथा सम्भावित जोखिम क्षेत्रहरूको आधारमा विपद जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो। उक्त कार्ययोजनामा पूर्वतयारी, उद्धार तथा राहत, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी क्रियाकलापहरू समेटि कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गरियो।

६. तामाकोशी गाउँपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड, २०८१ कार्यपालिका बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

७. तामाकोशी गाउँपालिकाको बाझो जमिन उपयोग सम्बन्धी कार्यविधि- २०८१ कार्यपालिका बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष